# दैनिक लुम्बिनी

निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक



हामी बोलेर मात्र होइन पुऱ्याएर छाड्छौं

तपाईंको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा पठाउनु परेमा हामीलाई सम्झनुहोस्

सुपर काइनेटिक कुरियर्स सर्भिस

ट्राफिक चोक हिमालयन बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको भवन) फोनः- ०७१५४२५७१



वर्ष ३८ | अंक ६४ | बुटवल | २०८२ फागुन १५ गते, शुक्रबार | नेपाल संवत ११४६ | Friday February 27, 2026 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini


प्रतिनिधिसभा सदस्य चुनाव :

## रूपन्देही २ का उम्मेदवार चिनौं



**लुम्बिनी संवाददाता**

*बुटवल*

२१ फागुनमा हुने आमनिर्वाचनमा रूपन्देही २ मा अनुभवी र सफल राजनीतिज्ञ नेकपा एमालेका उपाध्यक्ष तथा पूर्व अर्थमन्त्री विष्णु पौडेलदेखि पहिलो पटक संसदीय चुनाव लडेको नेकपा माओवादीका वीरेन्द्र विकसम्म उम्मेदवार छन् ।

मुलुक शान्ति प्रक्रियामा आएपछि वि.सं. २०६४ र त्यसयताका सबै निर्वाचनमा जित्दै आएका पौडेल उम्मेदवार रहेकाले यो क्षेत्रलाई राष्ट्रियरूपमै चासोका साथ हेरिएको छ । २०७० मा माओवादी नेता डा. बाबुराम भट्टराईलाई समेत भारी मतान्तरले पराजित गरेपछि पौडेलको चर्चा चुलिएको थियो । विगतका ३ वटा निर्वाचनमा फराकिलो र २०७९ को निर्वाचनमा १ हजार ३६६ मतान्तरले मात्र पौडेलले जितेपछि अहिलेको निर्वाचनको माहोलमा उपाध्यक्ष पौडेलको नतिजा कस्तो होला भन्ने आमचासो र चर्चा छ ।

### विष्णु पौडेल : प्रतिकूलतालाई जित्ने सन्तुलित र अनुभवी नेता

२०१६ मंसिरमा स्याङ्जाको पुतलीबजारमा जन्मिएका पौडेल नेकपा (माले) हुँदै एमाले र नेपाल कम्युनिष्ट पार्टी (नेकपा)को महासचिवसम्म बनेका नेता हुन् । २०३५ असोजमा अखिल नेपाल कम्युनिस्ट क्रान्तिकारी को-अर्डिनेसन कमिटी (माले)को सदस्य रहेका उनी सोही वर्ष मंसिरदेखि पूर्णकालीन सदस्य बने ।

२०४१ मा तत्कालीन मालेको जिल्ला समिति सदस्य बनेका उनले २०४७ मा एमालेको केन्द्रीय कमिटी सदस्यको जिम्मेवारी पाए । २०५९ सालदेखि एमाले स्थायी कमिटी सदस्य बनेका उनी २०६५ सालमा एमालेको केन्द्रीय सचिव निर्वाचित भए । २०७१ मा सम्पन्न एमालेको नवौं महाधिवेशनबाट उपमहासचिव बने । २०७५ मा एमाले र माओवादी केन्द्र मिलेर बनेको नेकपाको महासचिव र सचिवालय सदस्य बने । २०७८ को दशौं महाधिवेशनबाट उपाध्यक्ष चयन भएका उनी एघारौं महाधिवेशनमा पनि त्यही पदमा दोहोरिए ।

२०५३ सालमा लोकेन्द्रबहादुर चन्दको मन्त्रिमण्डलमा युवा, खेलकुद तथा संस्कृति मन्त्री बनेका पौडेलले २०६५ मा पुष्पकमल दाहाल 'प्रचण्ड' नेतृत्वको मन्त्रिमण्डलमा जलस्रोत मन्त्रालयको जिम्मेवारी सम्हाले । २०६७ मा झलनाथ खनालको नेतृत्वमा बनेको सरकारमा रक्षा मन्त्री बनेका उनी २०७२ सालमा केपी ओलीको सरकारमा अर्थमन्त्री बने । जेनजी आन्दोलनले विस्थापित गरेको सरकारमा उनी अर्थमन्त्री थिए ।

राजनीतिमा आउनुअघि पौडेल शिक्षण पेशामा थिए । ११ वर्ष भूमिगत जीवन बिताएका उनले त्यस समयमा पाल्पा, गुल्मी, अर्घाखाँची, नवलपरासी, रूपन्देहीलगायत जिल्लामा बसेर पार्टीको काम गरे ।

२०५१ को मध्यावधि चुनावमा पाल्पाबाट प्रतिनिधिसभा सदस्यमा विजयी भएका उनी २०५६ मा रूपन्देहीबाट चुनाव लडे । त्यतिबेला उनी नेपाली कांग्रेसका सूर्यप्रसाद प्रधानसँग पराजित भए ।

२०६४ को संविधानसभा निर्वाचनयता भने उनी पछाडि फर्कनु परेको छैन । देशभरि माओवादीको पक्षमा चुनावी लहर आएको पहिलो संविधानसभा निर्वाचनमा पनि उनले पराजय भोग्नु परेन । उनले माओवादीका भक्तिप्रसाद पाण्डेलाई साढे दुई हजार मतले पराजित गरे । जबकि त्यो क्षेत्रमा समानुपातिकतर्फ माओवादीले १५ हजार ५९४ र एमालेले १५ हजार १२७ भोट ल्याएको थियो ।

२०७० मा भएको दोस्रो संविधानसभामा रूपन्देही-४ बाट कांग्रेसका सूर्यप्रसाद प्रधान र माओवादी केन्द्रका डा. बाबुराम भट्टराईलाई फराकिलो मतान्तरले पराजित गरे । २०७४ र २०७९ मा रूपन्देही-२ बाट निर्वाचित भए।

गत निर्वाचनमा पौडेल २७ हजार १६५ मत ल्याएर निर्वाचित भए । २०६४ सालमा देशभर माओवादीको लहर चल्दा पनि एमालेको गढ जोगाउने थोरै नेताहरूमा उनी पर्छन् । रूपन्देहीमा डा. बाबुराम भट्टराई जस्ता 'हेभीवेट' लाई हराएको इतिहास उनीसँग छ ।

विगतमा विकास निर्माणका थुप्रै काम गरेर रूपन्देहीलाई पूर्वाधार विकासमा रोलमोडेल नै बनाएका पौडेलले अब रूपन्देहीलाई राष्ट्रिय अर्थतन्त्रको गतिशील केन्द्र र विकासको अग्रणी जिल्लाको रूपमा विकास गर्ने लक्ष्यसहित २० बूँदे प्रतिबद्धतापत्र सार्वजनिक गरेर चुनावी मैदानमा छन् ।

यसअघि निर्वाचित हुँदा आफूले रूपन्देहीलाई आधुनिक विकास र पूर्वाधारले सम्पन्न नमूना जिल्ला बनाउने सोंच राखेर धेरै योजना ल्याएर कार्यान्वयन गरी देशकै नमूना बनाउन सफल भएको दाबी गर्दै आगामी दिनमा रूपन्देहीको विकासलाई थप उचाइमा पुऱ्याउने प्रतिबद्धता गरेका हुन् ।

प्रतिबद्धतापत्रमा रोजगारमूलक शिक्षा, गुणस्तरीय स्वास्थ्य, रोजगारी, राष्ट्रिय सडकहरूको स्तरोन्नति, शहरी पूर्वाधार विकास, भूमि समस्याको समाधान, मोतीपुर औद्योगिक क्षेत्र र तिनाउमा सिग्नेचर पुल, रूपन्देहीलाई लगानीको केन्द्र बनाउने, बुटवललाई रोजगारीको हब बनाउने, लुम्बिनी गुरूयोजना पूरा गर्नेलगायत २० क्षेत्रलाई पौडेलले प्राथमिकतामा राखेका छन् ।

यस्तै आन्तरिक स्रोत र अन्तर्राष्ट्रिय सहयोगसमेतको आधारमा बुटवल, तिलोत्तमा, सैनामैनासहित बृहत् लुम्बिनी क्षेत्रमा आधुनिक सहरी पूर्वाधार विकास गर्न ग्रेटर लुम्बिनी एरिया डेभलपमेन्ट (ग्ल्याड) प्रोग्राम सञ्चालन र क्षेत्र नं २ का पालिकाहरूलाई छिमेकी पालिकासँग जोडेर महानगरीय ढाँचामा सहरी पूर्वाधार निर्माण गर्ने पौडेलले प्रतिबद्धता गरेका छन् ।

यस्तै हाल बसोबास तथा भोगचलन भइरहेको क्षेत्रलाई छुट्याएर मोतीपुर औद्योगिक क्षेत्रको पुनः रेखाङ्कन गर्ने र रेखाङ्कनपछि कायम भएको औद्योगिक क्षेत्रमा पूर्वाधार निर्माण र उद्योग स्थापना, बुटवल औद्योगिक क्षेत्रको क्षमता विस्तार र व्यवस्थापन सुधार, बुटवल धागो कारखानालाई सार्वजनिक-निजी साझेदारीको अवधारणाअनुरूप आधुनिक प्रविधिसहित सञ्चालनमा ल्याउने, यस्तै गौतमवुद्ध अन्तर्राष्ट्रिय विमानस्थललाई पूर्ण क्षमतामा सञ्चालन र दोस्रो चरणको काम अघि बढाउने पौडेलले प्रतिवद्धता गरेका छन् ।

यस्तै कालीगण्डकी-तिनाउ नदी डाइभर्सन, तल्लो सिद्धबाबादेखि हुलाकी सडकसम्म तिनाउ तथा दानव नदीको दुवै किनारामा पक्की पर्खाल निर्माण गरी बस्ती संरक्षण, सोह्र छत्तिस र चार तपाह सिँचाइ प्रणालीका बाँकी काम पूरा गर्ने पौडेलले प्रतिबद्धता गरेका छन् ।

पौडेलले शिक्षालाई पहिलो प्राथमिकता दिँदै बजारको मागअनुसार अनुसन्धानमा आधारित र गुणस्तरीय शिक्षा सुनिश्चित गर्ने पौडेलले प्रतिबद्धता गरेका छन् ।

विद्यालय शिक्षा र उच्च शिक्षाका लागि अन्यत्र जान नपर्ने गरी गुणस्तरीय र विश्वसनीय शिक्षाको केन्द्र बनाउन भौतिक पूर्वाधार निर्माण र दक्ष जनशक्ति व्यवस्थापन गर्ने प्रतिबद्धता गरेका छन् ।

लुम्बिनी बौद्ध विश्वविद्यालयको क्षमता विस्तार गरी स्वदेशी र विदेशी विद्यार्थीहरूका लागि आकर्षक शिक्षण संस्थामा विकसित गर्ने, रूपन्देही २ मा आउन चाहेको नेपाल विश्वविद्यालयलाई आवश्यक सहयोग र सहजीकरण गर्ने, लुम्बिनी वाणिज्य क्याम्पसलाई व्यवस्थापन र सूचना प्रविधि विषयको मानित विश्वविद्यालयमा रूपान्तरण गर्ने, तिलोत्तमामा बुटवल मेडिकल कलेजको पूर्वाधार निर्माण र जनशक्ति व्यवस्थापन गरी सञ्चालनमा ल्याउने प्रतिबद्धता गरेका छन् ।

बलियो संगठन, निकट भविष्यमा प्रधानमन्त्री बन्न सक्ने बलियो सम्भावना, अन्य दलका नेता कार्यकर्तामाझ उत्तिकै लोकप्रिय, निजी क्षेत्रका आशा र भरोशाको पहिलो रोजाई भएकाले पौडेलले यसपटक पनि आफ्नो जित निश्चित भएको तर्क गर्छन् ।

### चुन्न पौडेल (कांग्रेस) : व्यवसायिक सफलताबाट संसदीय यात्रामा

२०२२ सालमा बागलुङको बरेङमा जन्मिएका चुन्नप्रसाद शर्मा पौडेल नेपाली कांग्रेसमा लामो समयदेखि क्रियाशील नेतासँगै एक सफल व्यवसायी र समाजसेवी हुन् । बुटवल कालिकानगरका स्थायी बासिन्दा पौडेलले गुल्मीको शान्तिपुरबाट २०३८ सालमा प्रविणता प्रमाणपत्र तह सम्मको अध्ययन पूरा गरेका हुन् । आर्थिक कठिनाईका कारण उच्च शिक्षाको पढाइलाई बिट मार्दै उनी कलिलै उमेरमा सरकारी विद्यालयमा शिक्षण पेशामा आबद्ध भएर चार वर्ष पढाए ।

२०४२ सालमा गुल्मीको रूपाकोटमा किराना र कपडा व्यवसाय सुरु गरेका पौडेल २०५३ सालसम्म गुल्मीमै व्यापार-व्यवसायमा संघर्ष गरे । २०५४ सालदेखि बुटवलको संगमपथमा किराना-गल्लाको थोक व्यवसाय सुरु गरे । २०६६ सालदेखि पौडेल उद्योग क्षेत्रमा जोडिए । पछिल्लो समय बुटवलमा निजी क्षेत्रबाट सय बेडको स्तरीय अस्पताल सञ्चालन, चाउचाउको चर्चित ब्राण्ड करेन्ट र लालीको उत्पादन गर्ने यशोदा फुड्स उद्योगसंगै बुटवलको पहिलो पांचतारे होटेल हायात प्यालेसमा लगानी गरेर स्वास्थ्य र पर्यटन उद्योगमा पनि दरिलो उपस्थिति जनाएका छन् । उनी आवद्ध अस्पताल र उद्योगमा गरेर हाल ५ हजार बढीले प्रत्यक्ष रोजगारी पाएको पौडेल बताउँछन् ।

लामो संघर्षबाट व्यवसायिक क्षेत्रमा सफलता हासिल गरेका पौडेल २०४२ सालदेखि नै नेपाली कांग्रेससंग जोडिएका हुन् । पार्टी राजनीतिको कार्यकारी पदमा रूचि नराखे पनि पार्टीमा निष्ठापूर्कक आबद्ध रहेर पार्टीलाई सक्दो सहयोग गर्दै आएका पौडेल पार्टीको १३औं महाधिवेशनमा क्षेत्रीय प्रतिनिधि र १४औं महाधिवेशनदेखि हालसम्म महासमिति सदस्य छन् । पौडेलले गरिब, असहाय तथा विपन्न वर्गलाई सहयोग गर्नु आफ्नो जीवनको प्रमुख उद्देश्य रहेको बताउँछन् । उनले कुकुर स्याहार केन्द्र (डग सेल्टर) सञ्चालन, विभिन्न संघसंस्था,क्लब र विपन्नलाई दान-सहयोग, जस्ता सामाजिक कार्यहरू निरन्तर गर्दै आएका छन् । निरन्तर परिश्रम, आत्मनिर्भरता र समाजसेवाको उदाहरण बनेका पौडेलले संसदीय यात्रामा पहिलोपटक प्रतिस्पर्धामा उत्रिएका छन् ।

२०७९ को चुनावमा पनि रूपन्देही २ बाट उम्मेदवार सिफारिश भएपनि कांग्रेस, माओवादी र एकीकृत समाजवादीको गठबन्धन भएकाले उनी उम्मेदवार बन्न पाएनन् । यसपटक उनी नेकपा एमालेका उपाध्यष विष्णु पौडेल, नेकपाका विश्वदीप पाण्डे, रास्वपाका सुलभ खरेललगायतसँग प्रतिस्पर्धा गर्दैछन् ।

लामो राजनीतिक भाषणबाजी भन्दा इमान्दारीपूर्वक काम गरेर परिणाम दिने, राज्यलाई नोक्सानी हुने कुनै काम र निर्णय नगर्ने अनि बुटवललाई शिक्षा, स्वास्थ्य र पर्यटनको हब बनाउन आफ्नो ठाउँबाट इमान्दार प्रयास गर्ने उनको चुनावी प्रतिबद्धता छ ।

» *बाँकी २ पेजमा*

## 'सेटिङमा आएका सर्वेक्षण फेल खान्छन्, वास्तविक सर्वेक्षण छिट्टै आउँछ'



बुटवल । नेकपा एमालेका उपाध्यक्ष विष्णु पौडेलले केही मिडिया र सामाजिक सञ्जालमा सार्वजनिक प्रक्षेपण गलत मनशायबाट आएकाले स्वदेशी तथा विदेशी संस्थाहरूले गरेको वास्तविक प्रक्षेपण केही दिनमा आउने जनाएका छन् । बुटवलमा पत्रकारसँगको अन्तरसंवादमा उनले रूपन्देही क्षेत्र नं. २ सहित देशका विभिन्न निर्वाचन क्षेत्रहरूमा योजनाबद्ध रूपमा आएका प्रक्षेपण वास्तविक नभएको र वास्तविक प्रक्षेपण केही दिनमा आउने दाबी गरेका छन् । पौडेलले प्रायोजित सर्वेक्षणको भ्रममा नपरी पार्टीलाई फराकिलो मतान्तरले जिताउन थप सक्रिय भएर लाग्न नेता कार्यकर्तालाई निर्देशन दिए ।

'सेटिङका आधारमा विभिन्न प्रकारका प्रक्षेपण गरिएका छन्, तर ती वास्तविक र तथ्यपरक होइनन्, फिल्डको अवस्था धेरै फरक छ, ती प्रक्षेपणहरू फेल खानेछन्, यहाँका मतदाताले एमालेलाई नै जिताउनुपर्ने छ भन्ने माइन्डसेड गरेर बसेका छन्, जनताको त्यो परिवर्तन गर्न निकै कठिन छ,' पौडेलले भने-'त्यस्ता प्रक्षेपण सार्वजनिक गर्न हुने कि नहुने भन्ने विषयमा पछि कुरा गरौंला, तर भरपर्दो राष्ट्रिय अन्तर्राष्ट्रिय संस्थाहरूले गरेका प्रक्षेपणमा अहिले सार्वजनिक गरिएजस्ता भ्रमहरू छैनन् ।'

प्रतिस्पर्धी दल तथा उम्मेदार कसैको आलोचना नगरी उनले आफ्नो पार्टी राष्ट्रिय राजनीतिको मियो भएकाले ठूलो पार्टी बन्नबाट रोक्न कसैले नसक्ने जनाए । पौडेलले ५ निर्वाचन क्षेत्र रहेको रूपन्देही र २६ निर्वाचन क्षेत्र रहेको लुम्बिनी प्रदेशमा एमाले नै बहुमतसहित पहिलो शक्ति बन्ने दाबी गरे । उपाध्यक्ष पौडेलले भने-'निर्वाचनपछि एमाले राष्ट्रिय राजनीतिको मियो बन्ने र मुलुक सञ्चालनको ड्राइभिङ सिटमा बस्ने विश्वास छ । एमालेविरुद्ध गरिएका अनर्गल प्रचारबारे मतदाता प्रष्ट भइसकेको अवस्था छ ।'

रूपन्देही क्षेत्र नं. २ बाट उम्मेदवार रहेका पौडेलले विगतमा गरेका काम पूरा गर्न र नयाँ सपना कार्यान्वयन गर्नका लागि जनताको विश्वास रहेको जनाए । पूर्वअर्थमन्त्री पौडेलले जतिसुकै षड्यन्त्रको हल्ला गरे पनि जनताले योजना र विगतका अनुभवका आधारमा आफ्नो प्रतिनिधि छान्ने जनाए ।

'पौडेलले रूपन्देही क्षेत्र नं. २ मात्र होइन पाँच वटै क्षेत्रमा एमाले पहिलो बन्ने दाबी गरे । 'विगतमा अरू क्षेत्रको तुलनामा क्षेत्र नं. ४ केही कमजोर देखिन्थ्यो, तर अहिले त्यो क्षेत्र पनि निकै सुधारिएकोले एमाले रूपन्देहीको सर्वाधिक बलियो र ठुलो शक्तिको रूपमा पुनः उदय हुँदैछ ।'- उनले भने ।

'एमालेले केबल चुनाव जित्नका लागि मात्र जित्न चाहेको छैन, रूपन्देहीलाई र सिङ्गो लुम्बिनी प्रदेशलाई नै नमूना बनाउनको लागि जित्न चाहेको छ, अहिले निर्माणाधीन बुटवल नारायणगढ र बुटवल गोरूसिङ्गे सडक आयोजनासँगै सिद्ध बाबा सुरूङ मार्ग, सिद्धार्थ राजमार्गको स्तरोन्नति, कालीगण्डकी तिनाउ डाइभर्सन आयोजनाहरूको निर्माण हाम्रा सपना हुन् ।'- पौडेलले भने । पौडेलले सिद्धार्थ राजमार्गको स्तरोन्नतिपछि लुम्बिनी र गण्डकी प्रदेशका पर्यटकीय क्षेत्रहरू एक आपसमा जोडिने र त्यसैको माध्यमबाट पर्यटकहरूलाई आकर्षित गर्न सकिने बताए । उनले रूपन्देहीमा सञ्चालित पूर्वाधार आयोजनाहरू सम्पन्न गर्न र सम्पन्न भएका आयोजनाहरूको प्रभावकारी व्यवस्थापनसहित सञ्चालनका लागि पनि एमालेको जित अपरिहार्य हुने बताए ।




# सम्पादकीय

## चुनावमा मतदाता शिक्षा

फागुन २१ मा हुने प्रतिनिधिसभा निर्वाचनका मतदातालाई जागरुक बनाउन समयसीमाले चुनौतीपूर्ण छ। मतदाताले मतदान गर्ने, तर मतदान बदर हुने समस्या चर्को छ। बदर मतको प्रतिशत हेर्दा मतदाताले दिएको मत खेर जाने क्रम बढ्दो छ।

२०७४ को पहिलो संघीय निर्वाचनको प्रत्यक्षतर्फ औसत ५ दशमलव १८ प्रतिशत बदर मत रह्यो। प्रदेशसभाको समानुपातिक निर्वाचनमा मतपत्रको जटिलता र गठबन्धनका कारण १४ दशमलव ५१ प्रतिशत मत बदर भयो। प्रत्यक्ष र समानुपातिकका लागि चारवटा अलग-अलग मतपत्र, उम्मेदवारको लामो सूची, हस्ताक्षर जाँच्ने प्रक्रियाले मतदाता अलमलिए। लोकतान्त्रिक मुलुकमा झण्डै १५ प्रतिशत मत बदर हुनुले गम्भीर प्रश्न खडा गरेको छ। २०७९ को संघीय तथा प्रदेश निर्वाचनमा क्रमशः ५ दशमलव ९ र ६ दशमलव ५५ प्रतिशत बदर मत रह्यो। स्थानीय तह निर्वाचनमा केही ठाउँमा यो १३ प्रतिशतसम्म पुगेको देखिन्छ। आखिर मत बदर किन भइरहेको छ? मतदाता शिक्षाको अभावले बदर मत बढेको हो। निर्वाचनमा दलहरुबिच गठबन्धन संस्कृतिले गर्दा मतदाता अलमलिएका छन्। स्थानीय तहको निर्वाचनमा मतपत्र धेरै र उम्मेदवार धेरै भएर पनि मतदाता अलमलिएका हुनसक्छन्। प्रदेशसभा र प्रतिनिधिसभाको चुनाव एकैपल्ट हुँदा चार वटा मतपत्र हुँदा पनि मतदाताले झण्झट मानेका हुनसक्छन्। अहिले समानुपातिक र प्रत्यक्षको दुई मात्रै मतपत्र हुने भएकाले बदरमत घट्न सक्छ। विगतको अवस्थाले उल्लेख्य ढंगले बदर मत घट्ने देखिंदैन।

कतिपय मतदाताले मतपत्रमा स्वस्तिक छाप नलगाई अन्य कुनै चिह्न लगाउँछन्। स्वस्तिक छाप कोठा वा बक्सबाहिर लगाउनु, लाइन छुनु वा गलत ठाउँमा लगाउनु देखिन्छ। मतदाताले एकै पद वा मतपत्रमा दुई वा बढी उम्मेदवार वा दलमा छाप लगाउन सक्छन्। मत बदर हुनुको कारण मतदाता मात्रै दोषी होइनन्। मतपत्रमा मतदान अधिकृतको हस्ताक्षर छुट्न सक्छ।

बदर मत घटाउनका लागि विगतको तथ्याङ्क हेरेर मतदाता शिक्षा कार्यक्रम प्रभावकारी बनाउन निर्वाचन आयोग चुकेको छ। निर्वाचन सम्पन्न भइसकेपछि र निर्वाचन हुनु अघि मतदाता शिक्षा कार्यक्रम व्यापक बनाउन आवश्यक छ। आयोगलाई मतदाता शिक्षाका लागि पर्याप्त बजेट व्यवस्थापन गर्न सरकार चुक्दै आएको छ।

लोकतन्त्रमा निर्वाचनमा आम नागरिकको सहभागिता गराउन मतदाता शिक्षा प्रभावकारी बनाउन आवश्यक छ। अहिले भइरहेको मतदाता शिक्षा कर्मकाण्डी भयो। आगामी दिनमा मतदाता शिक्षा समुदायगत, उमेर समूहका आधारमा र कुन तहको निर्वाचन हो त्यसैअनुसार सञ्चालन गर्ने गरी सरकार अग्रसर हुनुपर्छ।

# देशको राष्ट्रियता र स्वाभिमानका लागि राष्ट्रिय जनमुक्ति अभियान



**विनबहादुर कुँवर**

*एउटा व्यक्ति दुर्गा प्रसाईंले त यो सरकारलाई आच्छु आच्छु अर्थात् कडा चुनौती दिन सक्दो रहेछन् भने कांग्रेस-एमालेलगायतका केही दलहरुले त्यसैगरी यो निर्वाचनको बहिष्कार गरिदिएको भए धेरै पहिले नै यसको छिनोफानो भइसक्ने थियो। तर के गर्ने ? समय र परिस्थितिले कांग्रेस एमाले र नेकपालाई न यता न उता अलमलमा पारेको छ। बरु यसको विरोधी माहोल दुर्गा प्रसाईंमार्फत् पूर्व राजा, पञ्चे र मण्डलेहरुतिर यो मोडिन थालेको छ। ज्ञानेन्द्रले त फागुन ७ मा एक वक्तव्य नै जारी गरी यो निर्वाचनको अर्थ नै नभएको बताइसकेका छन्।*

यही आगामी फागुन २१ मा विघटित संघीय व्यवस्थापिका प्रतिनिधिसभाको निर्वाचन गर्ने भनिएको छ। यो निर्वाचन अहिले किन र के का लागि यसको बारेमा यही पत्रिकाको गताङ्क माघ २३ मा केही विस्तृत चर्चा गरिएको छ। हरेक क्रियामा प्रतिक्रिया हुनु वैज्ञानिक नियम नै हो। अर्थात् पक्ष र विपक्ष सकारात्मक र नकारात्मक, समर्थन र विरोध अर्थात् 'एस अर नो' हुन्छ या हुन्न, यो प्राकृतिक द्वन्द्ववादको नियम हो। ठीक यो अब हुने भनिएको निर्वाचनका लागि पनि सत्य हो। यो निर्वाचन यो चालु संविधान अनुरुप छैन, गैर संवैधानिक छ जुन कुरा पहिले नै बनाई सकिएको छ। तर विडम्बना ! यो संविधान मान्ने त्यसैको आधारमा शपत खाई प्रधानमन्त्री र सरकार बनाउने तर यस अनुरुप नगर्ने उल्टै यसको खिलापमा गई असंवैधानिक सरकार बनाई त्यसको प्रधानमन्त्री बन्ने र यस्ता असंवैधानिक प्रमले फेरि चालु संसद भंग गरी यस्तो संसदको पुनर्निर्वाचन गराउने त्यसैले यो सब निर्वाचनको नौटंकी नै हो। हो, यही कुराभन्दा र लेख्दा पुलिसको हातपात कुटपिट र गिरफ्तारीमा परी कष्टडीमा यातना भोग्नु यो कस्तो लोकतन्त्र हो ? यो लोकतन्त्रको नाममा निरंकुशता लाद्ने तानाशाही पना हो।

केही दिन पहिलेदेखि यो कथित निर्वाचनको विरोध गर्ने व्यक्ति, समुदाय र दलहरुका नेता कार्यकर्ताहरुलाई यो साम्राज्यवादीहरुद्वारा प्रायोजित कठपुतली दलाल सरकारले धमाधम गिरफ्तार गरी थुन्ने गरिरहेको छ। स्वयं नेकपा (बहुमत) का केन्द्रीय महासचिव क. धमेन्द्र बास्तोला र अर्का नेकपाका अध्यक्ष क. ऋषि कट्टेललाई उनीहरुकै घर निवासबाट रातारात गिरफ्तार गरी थुनी राखेको छ।

त्यस्ता अरु केही दलका नेता कार्यकर्ताहरुलाई पनि यस्तै गिरफ्तार गरी थुनिराखेको छ। माथि नै भनिसकियो समर्थन र विरोध गर्ने द्वन्द्ववादको नियम मात्रै होइन यो आम जनताको नैसर्गिक अधिकार पनि हो। विश्व सर्वमान्य नियम के छ भने विद्रोह गर्ने जनताको अधिकार हो। यसप्रति कसैले पनि चुनौती दिन सक्दैन। उल्टो विडम्बना के छ भने गत भाद्र २३-२४ को जेनजी आन्दोलन र विद्रोहलाई न्यायोचित ठानी पूर्व सदन-सरकारलाई नै अपदस्त गर्नुलाई न्यायोचित ठान्ने यो वर्तमान सरकारले यस्तो यो निर्वाचनको सामान्य विरोध र बहिष्कारलाई ठूलै अपराध नै ठानी उनीहरुको धरपकट गिरफ्तारी र प्रहरी कष्टडीको यातनालाई जतिसुकै विरोध र घृणा गरे पनि कमी नै हुन्छ।

स्वयं यो चालु संविधानको भाग-३ मौलिक हक र कर्तव्य शीर्षकअन्तर्गतको धारा ७ उपधारा १,२ अन्तर्गत (क) विचार र अभिव्यक्तिको स्वतन्त्रता (ख) विना हातहतियार शान्तिपूर्ण भेला हुने स्वतन्त्रतालाई हरेक नागरिकको मौलिक हक भनी स्पष्ट उल्लेख गरिएको छ। तर यो सरकारले यसको ठीकविपरीत अहिले यो निर्वाचन लक्षित गरी देशमा थुप्रै नेता कार्यकर्ता र स्वतन्त्र व्यक्तिहरुलाई धमाधम गिरफ्तार गरी थुनी यातना दिने काम गरिरहेको छ। हुन त यो सरकारलाई के को संविधानको मतलब अनि के को मानव अधिकार र मौलिक अधिकार ? एकाएक विश्व साम्राज्यद्वारा प्रायोजित कठपुतली दलाल सरकार भएकाले यसप्रति के चाँसो ? मालिकले जे भन्छन् त्यही गर्ने रोवर्टले जस्तै। यो सरकार अनि यसका मन्त्री साथै केही साम्राज्यवादद्वारा प्रत्यक्ष सञ्चालित दलाल पार्टी र नेताहरुका त के कुरा गर्ने जस्तो वाजा त्यस्तै ताल अनि जसको कलो उसको गलो मिलाउनु स्वाभाविक छ। तर अरु प्राय सबै जसो दलहरु पनि यसमा लतारिएकोमा उदेक लाग्दो छ। कांग्रेस-एमाले र नेकपा जस्ता आफूलाई ठूला दल भन्नेहरुको पनि हालत त्यस्तै छ। जताजता बाहुन बाजे यतै त्यतै स्वाहा। न यिनीहरुबीच एकता छ। खाली आपसी द्वन्द्व खिचातानी। साम्राज्यवादीहरुकै आशा भरोसामा केही झर्ला र खाउँला भनी यही निर्वाचनमा लतारिंदै हिडिरहेका छन्। भाई फुटे गवार लुटे ठीक अहिले यहाँ हुने गरेको छ। देशव्यापी घण्टी साम्राज्यवादी दलालहरुको हाई-हाई कांग्रेस-एमाले र माओवादी सबैको बाई बाईको लहर फैलिदो छ।

हुन त कांग्रेस-एमाले-माओवादी अर्थात गगन- देउवा- ओली र प्रचण्ड -माधव पनि एउटा सच्चा देशभक्त र जनवादी दल र दल नेताहरु भने होइन। तै पनि कमसेकम खुलमखुला साम्राज्यवादको दलाली घण्टी पार्टी र त्यसका नेता रवि-बालेन र वाग्ले अनि बाबुराम भट्टराइले गरे जस्तै यिनीहरु केही मात्रात्मक रुपमा अलि फरक छन्। खुलम्खुला साम्राज्यवाद र विस्तारवादको दलाली नगरी लुकिछिपी अनेक बाहानाबाजी गरेर मात्र त्यस्तो दलाली गर्दै आइरहेका छन्।

त्यसमा पनि कांग्रेसभित्र गगन गुट भने सिंधै साम्राज्यवादी दलालीमा नै छ। त्यसैले अब कांग्रेस पनि ढिलो चाँडो घण्टी ग्याङमा जाकिने सम्भावना बढेर गएको छ। यता प्रचण्ड- माधवको नेकपा पनि केही दिन पहिलेसम्म जेनजीहरुको वकालत गर्दै घण्टी दलको चाकरीमा दौडधुप गर्दै थियो। तर अहिले रवि-वालेनबिचको एकता पनि यिनीहरुलाई पनि घण्टी पार्टीले लखेट्न थालेपछि मात्र अहिल सचेत देखिन थालेका छन्। तै पनि एमालेसितको दुष्मनी भने उनीहरुमा यथावत नै छ। यसको फाइदा घण्टी पार्टीलाई नै हुने निश्चित छ। 'सौताको रिसले पोईको काखमा' भने जस्तै ओलीको रिसले साम्राज्यवादी दलालहरुलाई प्रत्यक्ष फाइदा पुऱ्याउने काम प्रचण्ड माधवबाट पनि भइरहेको छ। त्यही पनि अहिले पुष्प कमल दहालले घण्टी साम्राज्यवादी ग्याङको विरुद्धमा कांग्रेस एमालेसँग पनि चुनावी सहकार्य हुने कुरा सार्वजनिक गरेका छन्।

यता फेरि एमाले र देउवा कांग्रेसीहरुले पनि यो निर्वाचनको विकल्पमा विघटित संसदको पुनर्स्थापनाको कुरा उठाई एमालेका पुरै र कांग्रेसका बहुमत सभासदहरुले सर्वोच्चमा निवेदन चढाए पनि त्यसको लागि आन्दोलन केही नगरी चुप लागि बसिदिनाले पनि बढी फाइदा घण्टी पार्टीलाई नै भएको छ। कमसेकम अहिले दुर्गा प्रसाईं र केही जेनजी समूहहरुले जस्तै यो निर्वाचनको विरोध मात्रै एमाले र कांग्रेसीहरुले गरेको भए पनि यो निर्वाचन सम्पन्न हुनेवालै थिएन। स्वतः स्थगित गर्नुपर्नै बाध्यता हुन्थ्यो। तब मात्र पुनः सर्वदलीय सहमतिको ढोका खोली केही निकास आउन सक्थ्यो।

यसको पहिलो निकासा विघटित सांसदको पुनर्स्थापन वा सहमतिको आधारमा संविधान संशोधनको निश्चित एजेण्डासहित जेनजीसहितको सर्वदलीय सरकार र त्यसको नेतृत्वमा बल्ल संसदीय निर्वाचन हुने प्रशस्त आधार मिल्ने थियो। तर एमाले केपी ओलीको बयानमा सरकार अलि लचिलो भए जस्तो गरेकाले त्यो एजेण्डालाई छोडी चुनावी प्रचारप्रसारमा सक्रिय भएकाले पनि त्यो स्वतः निस्क्रिय हुन पुग्यो र सर्वोच्च अदालतले पनि तत्काल त्यसलाई त्यति महत्व दिएन। बल्ल अहिले कांग्रेस-एमाले यतिसम्मकि नेकपा प्रचण्ड- माधवहरु पनि यसमा पछुताउन थालेका छन्।

एउटा व्यक्ति दुर्गा प्रसाईंले त यो सरकारलाई आच्छु आच्छु अर्थात् कडा चुनौती दिन सक्दो रहेछन् भने कांग्रेस-एमालेलगायतका केही दलहरुले त्यसैगरी यो निर्वाचनको बहिष्कार गरिदिएको भए धेरै पहिले नै यसको छिनोफानो भइसक्ने थियो। तर के गर्ने ? समय र परिस्थितिले कांग्रेस एमाले र नेकपालाई न यता न उता अलमलमा पारेको छ। बरु यसको विरोधी माहोल दुर्गा प्रसाईंमार्फत् पूर्व राजा, पञ्चे र मण्डलेहरुतिर यो मोडिन थालेको छ। ज्ञानेन्द्रले त फागुन ७ मा एक वक्तव्य नै जारी गरी यो निर्वाचनको अर्थ नै नभएको बताइसकेका छन्।

त्यसैले अब देशको अन्तरविरोध राष्ट्रघाती साम्राज्यवादी दलालहरु र त्यसको विरुद्धमा राष्ट्रवादी-देशत्तभक्त र जनवादी क्रान्तिकारी जनसमुदायबिच केन्द्रित हुँदैछ। त्यसमा पछि पछि पूर्व सामन्ती, दरबारिया पञ्चे, मण्डलेहरुको सक्रियता देखिन थालेको छ। यो राष्ट्रिय अन्तर्विरोधको केन्द्र हालका लागि यो निर्वाचन बहिष्कार कि समर्थन बनेको छ। यदि अझै पनि केही दम र हिम्मत भए कांग्रेस-एमाले र नेकपालगायत अरु संसदवादी दलहरु पनि यो साम्राज्यवादी कठपुतली सरकारको विरुद्ध यो चुनावी अभियानलाई छोडी बहिष्कारमा आए भने केही हदसम्म यिनीहरुको पनि अस्तित्व रहन सक्छ। नत्र भने यही निर्वाचनबाट यिनीहरुको सत्तासाफ हुने सम्भावना बढेर गएको छ।

अन्त्यमा यो वर्तमान कठपुतली सरकारले चुनाव बहिष्कारवादीहरुप्रति जुन गिरफ्तारी गरी दमन गर्ने व्यवहार देखाइरहेको छ, यसबाट निश्चित रुपमा अर्को क्रान्ति र विद्रोहको ढोका खुलिसकेको छ। देशको राष्ट्रियता, जनतन्त्र र राष्ट्रिय स्वाधिनता र स्वाभिमानका लागि राष्ट्रिय मुक्ति अभियान साथमा जनमुक्ति क्रान्ति नै अबको आवश्कता बनिसकेको छ।

रुपन्देही...

युवालाई स्वदेशमै रोजगारीका अवसर सिर्जना, महिलालाई आर्थिकरूपमा आत्मनिर्भर, सुशासन, भूमिहीन र अव्यवस्थित बसोवासीको समस्या सधैंका लागि समाधान गर्दै सिंगो रूपन्देहीलाई उद्योगमैत्री र आधुनिक शहर बनाउने आफ्नो राजनीतिक प्रतिबद्धता रहेको पौडेल बताउँछन्। जेनजी आन्दोलनको म्याण्डेटअनुसार नेपाली कांग्रेसको हालै सम्पन्न दोस्रो विशेष महाधिवेशनबाट गगन थापाको नेतृत्वमा पार्टी नयां ढंगले अघि बढेको हुँदा यसपटक मतदाताले भरपर्दो र विश्वासिलो दलका रूपमा कांग्रेसका उम्मेदवारलाई रोज्ने हुँदा आफूले जित निकाल्ने पौडेलको विश्वास छ।

सांसद निर्वाचित भएपछि पाउने तलब भत्ता गरिब विपन्नको उपचारमा खर्च गर्ने घोषणा गरेका पौडेलले राष्ट्र र जनताको हितलाई पहिलो प्राथमिकतामा राखेर निजी क्षेत्रलाई लगानीमैत्री वातावरण निर्माणमा भूमिका खेल्ने प्रतिबद्धता छ। मुलुकको आर्थिक विकास र समृद्धिका लागि निजी क्षेत्रबाट उत्पादनमूलक क्षेत्रमा लगानी अभिवृद्धि र रोजगारी सिर्जना गरी युवाको विदेश पलायन रोक्न संसदमा आफूले प्रभावकारी भूमिका खेल्ने मतदाता सामू पौडेलको प्रतिबद्धता छ।

### सुलभ खरेल (रास्वपा) : वकालतबाट संसदीय दौडमा

२०५४ साल भदौमा जन्मेका सुलभ खरेल रूपन्देहीको तत्कालीन सेमलार गाविस (हालको बुटवल उपमहानगर १६) का स्थायी बासिन्दा हुन्। नेपाल ल क्याम्पस पढ्दा दुई वर्ष जति नेकपा एमाले निकट अनेरास्ववियूमा आबद्ध भएका खरेल त्यस यता कुनै राजनीतिक दलमा सक्रिय थिएनन्। रूपन्देहीबाटै एसएलसी उत्तीर्ण गरेका खरेल काठमाडौंको ट्रिनिटी कलेजमा विज्ञान संकायमा बायोलोजी विषयमा प्लस टु उत्तीर्ण गरेका हुन्, नेपाल ल क्याम्पसमा ५ वर्षे बीएएलएलबी अध्ययन गरेका खरेलले त्यसपछि ४ वर्ष वकालत गरे।

एलएलएम अध्ययनका लागि दिएको प्रवेश परीक्षामा उत्कृष्ट भएर उनले पूर्वाञ्चल विश्वविद्यालयको चक्रवर्ती हबी क्याम्पस काठमाडौंमा पूर्ण छात्रवृत्तिमा पढ्ने अवसर पाए। दुई वर्ष अघि उनी युनिभर्सिटी अफ मिसिगनमा संवैधानिक कानुन विषयमा एक वर्षे स्नातकोत्तर पढ्न अमेरिका गए। एक वर्षे कोर्स पूरा गरेर उनी नेपाल फर्किए। नेपाल फर्किएपछि उनी राष्ट्रिय स्वतन्त्र पार्टीमा जोडिए। त्यसमा पनि उनी पार्टी सभापति रवि लामिछानेसँग निकट भएर उनीमाथि लागेको सहकारी ठगी, संगठित अपराध र सम्पत्ति शुद्धिकरणको मुद्दाका विषयमा कानुनी परामर्श दिने काम गरे। यत्तिकैमा रूपन्देही ३ मा राप्रपाबाट निर्वाचित दीपक बोहराको निधन भएपछि तोकिएको उप-निर्वाचनमा खरेल उम्मेदवारको दौडमा सहभागी भए। पार्टीले गरेको प्रारम्भिक निर्वाचनमा ९ जनामा परे। तर डा. लेखजंग थापा उम्मेदवार बने।

त्यस लगत्तै भदौ २३ र २४ गते जेनजी विद्रोह हुंदा पनि खरेल चर्चामा आए। खरेलले न्यायाधीशमाथि आक्रमण गर्नु पर्ने र सर्वोच्च अदालत जलाउनुपर्ने भनेर ह्वाटस्एपमार्फत् एसएमएस आदान प्रदान गरेको उनीमाथि आरोप लाग्यो। तर खरेलले यो आफूविरुद्धको झुठो प्रचार भएको दाबी गर्छन्। गत मंसिर १७ गते भ्रष्टाचार मुद्दा लागेको मान्छेले पनि चुनाव लड्न पाउनुपर्ने माग गर्दै गेहेन्द्र मल्लले प्रधानमन्त्री कार्यालयविरुद्ध दायर गरेको रिटउपर संवैधानिक इजलासमा सुनुवाइ हुँदै गर्दा वहस गर्न पुगेका खरेललाई प्रधानन्याधीश प्रकाशमान सिंह राउतले न्यायाधीशको घर जलाउन जानुपर्छ भन्दै भीड उराल्ने मान्छे, इजलास जल्दा हर्षबढाइँ गर्ने मान्छे यही इजलासमा कसरी बहस गर्न आउन सक्नुहुन्छ ? भन्ने प्रश्न गर्दै वहस गर्न नपाइने तर्क गर्दा खरेल नाजवाफ भएर इजलासमै ढलेका थिए। यो घटनाले खरेल थप चर्चामा आएका थिए। यसबारे उनले मेसेजको कुरा फेक हो भन्दै खण्डन गर्दै आएका छन्।

यहां सुरुमा वरिष्ठ नेता बालेन शाहको कोटाबाट हङकङबाट फर्किएका आशिष सुवेदीलाई टिकट दिइएको थियो तर उम्मेदवार मनोनयनको अघिल्लो राति सुलभले पनि टिकट पाए। अनि आशिषलाई 'ब्याक' गराइयो। आशिषले एकाएक टिकट पाउंदा पनि पार्टीभित्र असन्तुष्टी उत्पन्न भएको थियो। पछि खरेलले पाउंदा पनि आफ्नो क्षेत्रमा पार्टी संगठन बनाउन योगदान नगरेका तर पार्टी सभापतिसंग निकट भएकै आधारमा टिकट पाएको भन्दै क्षेत्रका नेता कार्यकर्तामा असन्तुष्टी छ। तर धेरैजसो असन्तुष्टीबारे खुल्न चाहदैनन्। खरेलले अहिले आफ्नो पक्षमा माहोल बनेको दाबी गर्छन्।

### सुवास पाण्डे (नेकपा) : बुबाको विरासत थाम्न मैदानमा

रूपन्देहीको सैनामैना-१, वनकट्टाका सुभाष पाण्डे (विश्वदीप) २०४३ सालमा अर्घाखाँचीको अर्घातोषमा जन्मिएका हुन्। आफ्ना बुबा भक्तिप्रसाद पाण्डेको राजनीतिक आबद्धताका कारण उनी स्कुले जीवनदेखि नै राजनीतिमा जोडिए। माओवादी आन्दोलनका महत्त्वपूर्ण व्यक्तिमध्येका एक भक्तिप्रसाद पूर्व सांसद थिए। पत्रकारिता र राजनीतिशास्त्रमा स्नातक गरेका विश्वदीपले माओवादी र सात दल बीचको बहुचर्चित १२ बुँदे समझदारी, २०६२/६३ को दोस्रो जनआन्दोलन तथा शान्ति प्रक्रियाका संवेदनशील घडीमा माओवादी शीर्ष नेतृत्वको सचिवालयमा रहेर काम गरे।

उनले पूर्व प्रधानमन्त्री डा. बाबुराम भट्टराईको निकट रहेर पनि काम गरे। माओवादी छाडेर डा. भट्टराईले आफ्नै नेतृत्वमा गठन गरेको तत्कालीन नयाँ शक्ति पार्टीको प्रचार विभाग प्रमुखको जिम्मेवारीमा थिए। भट्टराई प्रगतिशील लोकतान्त्रिक पार्टीको संरक्षक छन्। विश्वदीपले त्यसअघि नै भट्टराईको साथ छाडिसकेका थिए।

माओवादी केन्द्र हुँदै नेपाली कम्युनिष्ट पार्टीमा पुगेका उनी पुष्पकमल दाहाल 'प्रचण्ड' पछिल्लो पटक प्रधानमन्त्री हुँदा युवा तथा सामाजिक विकास विज्ञको रूपमा काम गरे।

उनी नेपाली कम्युनिष्ट पार्टीका केन्द्रीय सदस्य तथा केन्द्रीय प्रचार विभाग सदस्य छन्। पहिलो पटक प्रतिनिधिसभा सदस्यमा प्रतिस्पर्धा गर्न लागेका विश्वदीपले रूपन्देही-२ बाट नेपाली कम्युनिस्ट पार्टीको तर्फबाट उम्मेदवारी दिएका छन्। उनले आफ्ना बुबा भक्तिप्रसाद पाण्डेलाई २०६४ मा पराजित गरेका एमाले उपाध्यक्ष विष्णु पौडेललाई प्रतिस्पर्धीको रूपमा पाएका छन्।

### वीरेन्द्र विक (नेकपा माओवादी) : पहिलोपटक चुनावी प्रतिस्पर्धा

नेकपा (माओवादी)ले आसन्न प्रतिनिधिसभा निर्वाचनका लागि रूपन्देही निर्वाचन क्षेत्र नम्बर २ मा पार्टीका जिल्ला सेक्रेटरी तथा युवा नेता वीरेन्द्र विक (सी)लाई उम्मेदवार बनाउने भएको छ। जनसंघर्षबाट उठेका नेता वीरेन्द्र रूपन्देहीमा परिचित नाम हो।

गरिब, सुकुम्बासी, श्रमिक तथा उत्पीडित वर्गको हकअधिकारका लागि निरन्तर आवाज उठाउँदै आएका उनी करिडोर पीडित आन्दोलन, मिटरब्याजीविरुद्धको संघर्ष, भूमिहीन र सुकुम्बासीका मुद्दा तथा सामाजिक अन्यायविरूद्धका अभियानमा अग्रपंक्तिमा उभिँदै आएका छन्।

उनी जनताको दुःख, पीडा र समस्यालाई नजिकबाट बुझ्ने र त्यसविरूद्ध निर्भिक रूपमा लड्ने नेताका रूपमा बुटवल र आसपासका क्षेत्रमा परिचित छन्।

स्पष्ट वैचारिक धरातल, आक्रामक राजनीतिक अडान र निरन्तर जनसंघर्षका कारण वीरेन्द्रको उम्मेदवारीलाई रूपन्देही-२ मा परिवर्तनको बलियो विकल्पका रूपमा हेरिएको छ। माओवादीले पनि यस क्षेत्रलाई रणनीतिक रूपमा महत्वपूर्ण ठान्दै आएको छ।

रूपन्देही २ मा नेपाल जनसेवा पार्टीको तर्फबाट डा. कमल (निकोलस) भुसाल, प्रलोपाबाट नारायण नागिला लगायत ३९ जना उम्मेदवार छन्।

यो निर्वाचन क्षेत्रमा रूपन्देहीका १ देखि १३ नम्बरसम्मका वडा, तिलोत्तमाका १ देखि ६ सम्मका वडा र सैनामैनाका १ देखि ४ सम्मका वडा पर्छन्। यहाँ १ लाख ३५ हजार ५० मतदाता रहेका छन्। पश्चिम नेपालको आर्थिक र व्यापारी नगरी बुटवल लुम्बिनी प्रदेशको अस्थायी मुकाम समेत रहिसकेको शहर हो।

# 'जसले बाँदर नियन्त्रण गर्ने स्पष्ट खाका ल्याउँछ उसैलाई भोट दिने हो'



ढोरपाटन (बागलुङ) । बागलुङको जैमिनी क्षेत्रमा भोट माग्न जाने उम्मेदवारलाई मतदाताले चुनाव जितेर बाँदर नियन्त्रण गर्ने नीति ल्याउन आग्रह गरेका छन् । आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि मत माग्न गाउँमा पुगेका उम्मेदवारलाई मतदाताले बाँदर आतङ्कले गाउँमा बस्न गाह्रो भएको गुनासो पोखेका हुन् ।

जैमिनी नगरपालिका-५ की कुमारी थापाले बसाइँसराइका कारण गाउँ रित्तो हुँदै गएपछि बाँदर गाउँका घरमा बस्न थालेको बताइन् । बारीमा लगाएको बालीदेखि घरमा राखेको सबै सामान बाँदरले नष्ट गरी दिँदा गाउँमा बस्न सक्ने अवस्था नभएको उनको भनाइ छ । टोल छिमेकी सबै बजार झरेको भन्दै गाउँमा बस्ने वातावरण बनाउने नेतालाई जिताउनुपर्ने थापा बताउँछिन् ।

"बाँदरले गाउँमा बस्न गाह्रो बनाइ सक्यो, न बारीका बाली राम्रो हुन दिन्छ, न घरमा राखेका सरसामान सुरक्षित हुन्छन्, यस्तो अवस्थामा कसरी गाउँमा बस्न सकिन्छ र ?" उनले भनिन्-"पहिलो मान्छे विकास नभएर बजार झरे, अहिले विकास भएको छ तर बाँदरका कारण गाउँ छोड्नुपर्ने अवस्था आएको छ, जसले बाँदर नियन्त्रण गर्ने योजना ल्याउँछ उसैलाई भोट दिने हो ।"

स्थानीय प्रतीमा पौडेलले केटाकेटी र वृद्धवृद्धालाई गाउँमा एक्लै बस्ने समस्या हुने गरेको जनाइन् । पहिले वनमा बस्ने बाँदर हिजोआज गाउँमा बस्न थालेको भन्दै केटाकेटी र बूढाबूढीलाई आक्रमण गर्न आउने उनको भनाइ छ। घर छोडेर मेलापातमा जाँदा एक/दुई जना घर कुरुवालाई राखेर जानुपर्ने बाध्यता रहेको गुनासो उनले गरिन् ।

उनले भनिन्-"पछिल्लो पाँच वर्षदेखि गाउँमा बाँदरले आतङ्क मच्चाएको छ, हुने खानेहरु सबै शहर बजार गइसके, गाउँमा हुने त उही सामान्य परिवारका मात्रै छन्, पहिले पहिले गाउँमा धेरै मान्छेहरु भएर होला बाँदर डराउँथे, अहिले त धपाउन खोज्दा उल्टै आक्रमण गर्न आउँछन्, यो हिसाबले गाउँमा बस्न सक्ने अवस्था छैन, चुनावमा भोट माग्न आउने नेतालाई बाँदर नियन्त्रण गरी गाउँमा बस्ने वातावरण मिलाइ दिनु अनुरोध गरेका छौँ ।"

बरेङ-१ तमबहादुर विकले जनताको माग र आवश्यकतालाई बुझेर काम गर्ने नेतालाई भोट दिने बताए । धेरै थरिका नेताहरु भोट माग्न आइरहेको उनले जनाए । यसपालि किसानका समस्यमा बुझ्ने उम्मेदवारलाई भोट दिने उनको भनाइ छ ।

# आँधीखोला किनार क्षेत्रमा तर्बुजाखेती सुरु

वालिङ (स्याङ्जा) । यहाँको भीरकोट नगरपालिकाले आँधीखोला किनार क्षेत्रमा परीक्षणका रुपमा तर्बुजाखेती सुरु गरेको छ ।

हेफर इन्टरनेशनलसँगको सहकार्यमा भीरकोट कृषि तथा पशु विकास परियोजनामार्फत् तर्बुजा खेतीको सम्भाव्यता अध्ययन गरी व्यावसायिक तर्बुजाखेती गर्ने लक्ष्य लिएको नगर प्रमुख गोविन्दकुमार कर्माचार्यले बताए । यहाँको हावापानी, माटो तर्बुजा खेतीका लागि उपयुक्त हुने देखिएकाले व्यावसायिकरुपमा अगाडि बढाउन पहिलो चरणमा बिउ, बेर्ना, उपकरण तथा प्राविधिक सहयोग गरिएको उनले बताए ।

"सम्भवतः जिल्लामै पहिलो पटक तर्बुजाखेती सुरु गरिएको छ" उनले भने-"पहिलो चरणमा यहाँका किसानले परीक्षणका रुपमा लगाएका छन् । यो राम्रो हुनासाथ ठूलो परिमाणमा व्यावसायिक उत्पादनमा जोड दिन्छौँ ।"

यहाँ उत्पादित तर्बुजा किसान आफैँले बिक्री गर्नसक्ने र यदि नसकेमा नगरपालिकाले जिम्मा लिने उनले जनाए । भीरकोट नगरपालिका-१ को आँधीखोला नदी किनारको भीरकोट खेलमैदान परिसर, वडा नं. ४, वडा नं. ५ को पकान, वडा नं. ६ को एकुवार फाँटको २० रोपनी क्षेत्रफलमा पहिलो पटक तर्बुजाखेती सुरु गरिएको हो । यसपटक १८ किसानले तर्बुजा रोपेका छन् ।

यहाँ रोपिएको तर्बुजा आगामी जेठ मसान्तसम्ममा उत्पादन लिन सकिने परियोजनाका कृषि प्राविधिक अनिश अर्यालले जानकारी दिए । जिल्लामै पहिलो, नयाँ र नमूनाखेती भएकाले यहाँका किसान यसखेती प्रविधि बुझेर व्यावसायिक उत्पादनमा लाग्न सक्ने उनले बताए ।

लक्ष्मी र सरस्वती दुई जातका तर्बुजा नमूना परियोजनाका रुपमा रोपिएका छन् । नगरपालिकाले तर्बुजाका साथै सिम्ला मिर्च, अकबरे खुर्सानीसहित बेमौसमी तरकारी उत्पादनमा जोड दिएको छ ।

## Malarani Rural Municipality

**Khanadaha, Arghakhanchi**
**Lumbini Province, Nepal**

## Invitation for Bids

Date of publication:27 th feb, 2026 (2082/11/15)

1. Malarani Rural Municipality, Khanadaha, Arghakhanchi invites electronic Sealed Quotations/Bids from eligible bidders for the procurement of works as specified below.

| S N | Contract Name | Identification No. | Bid Document Fee (NPR) | Bid security Amount (NPR) | Bid Validity Period (Days) | Last Date of Bid Submission | Bid Opening Date |
|---|---|---|---|---|---|---|---|
| 1 | Upgradation of RatanmarePanchedhara-motorable road, Malarani-06(second notice) | MRM/W/SQ/2082/083/19 | 1000.00 | 30,000.00 | 45 | 15/03/2026 12:00 P.M (2082/12/1) | 15/03/2026 1:00 P.M (2082/12/1 |
| 2 | Upgradation of Chudartola Pokhrikachaur-Bharlegaira motorable road , Malarani-04(third notice) | MRM/W/SQ/2082/083/20 | 1000.00 | 30,000.00 | 45 | 15/03/2026 12:00 P.M (2082/12/01 | 15/03/2026 1:00 P.M (2082/12/01 |
| 3 | Procurement and construction of Miscellaneous civil works @ Administrative building and Auditorium Hall in Malarani rural Municipality ward no 3,4 | MRM/W/NCB/2082/083/25 | 3000 | 120000 | 90 | 29/03/2026 12:00 P.M (2082/12/15) | 29/03/2026 1:00 P.M (2082/12/15 |

For more details, please visit PPMO website: www.bolpatra.gov.np/egp.
or www.malaranimun.gov.np. or scan the QR code for full notice.

स्थानीय सरकार

## धुर्कोट गाउँपालिका

**गाउँकार्यपालिकाको कार्यालय**
**बबीट, गुल्मी**
**लुम्बिनी प्रदेश, नेपाल**

## सिलबन्दी दरभाउपत्र स्वीकृति सम्बन्धी सूचना

(सूचना प्रकाशित मिति २०८२/११/१३)

यस कार्यालयबाट मिति २०८२/१०/२३ गते राष्ट्रिय दैनिकमा प्रकाशित सूचना बमोजिम तपसिलका ठेक्काको E-Bidding मार्फत पेश हुन आएका दरभाउपत्रहरूमध्ये निम्न दरभाउपत्रदाताहरूको दरभाउपत्र न्यूनतम मूल्याङ्कित सारभूत रुपमा प्रभावग्राही देखिएकोले सार्वजिनक खरिद नियमावली २०६४ को नियम ८४ उपनियम १० को प्रयोजनार्थ उक्त सिलबन्दी दरभाउपत्रहरू स्वीकृतिको लागि यो सूचना सम्बन्धित सबैको जानाकारीको लागि प्रकाशन गरिएको छ।

**तपसिल**

| ठेक्का न | कार्यको विवरण | दरभाउपत्रकालागि पेश भएको दरभाउपत्रदाताको नाम ठेगाना | स्वीकृतीको लागि पेश भएको कवेल अंक |
|---|---|---|---|
| ODRM-Gulmi-W-SQ-31-082/83 | Construction and Maintenance work of Nayagaun and Pipaldhara Health Post at Dhurkot RM-1 and 2 ,Gulmi | Janaki Gopal Construction and Suppliers Pvt. Ltd. Resunga Municipality-08,Gulmi | 7,22,576.14 NRs (With Vat) |
| ODRM-Gulmi-W-SQ-32-082/83 | Construction and Maintenance work of DhurkotPhc ,khahare and Wagla Health Post at Dhurkot RM-6,4 and 7 , Gulmi | Dohalistar Construction & Suppliers Pvt.Ltd.. Isma Rural Municipality-04,Gulmi | 6,87,282.85 NRs (With Vat) |
| ODRM-Gulmi-W-SQ-33-082/83 | Construction work of Educational Infrastructure Quality Improvement and Sanitation Programme(Bhagwati Mavi) at Dhurkot RM-07,wagla, Gulmi | Dohalistar Construction & Suppliers Pvt.Ltd.. Isma Rural Municipality-04,Gulmi | 10,96,750.96 NRs (With Vat) |

प्रमुख प्रशासकीय अधिकृत

## सैनामैना नगरपालिका

**नगर कार्यपालिकाको कार्यालय**
**बुद्धनगर, रुपन्देही**
**लुम्बिनी प्रदेश, नेपाल**

## शीत भण्डार गृह सञ्चालनका लागि प्रस्ताव पेश गर्ने सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मिति २०८२।११।१५)

यस नगरपालिकाद्वारा निर्माण सम्पन्न भएको शीत भण्डार सैनामैना नगरपालिकाको शीत भण्डार गृह सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८२ बमोजिम तीन वर्षको लागी सञ्चालन गर्न ईच्छुक प्रचलित कानून बमोजिम दर्ता भएका कृषी सहकारी, निजी संस्थातथा अन्य समूह र फर्महरूले संस्था दर्ताको प्रमाणपत्रको प्रतिलिपी, भ्याट वा प्यान दर्ता प्रमाणपत्रको प्रतिलिपी, संस्था नवीकरण तथा कर चुक्ता प्रमाणपत्रको प्रतिलिपिर शीत भण्डारण सञ्चालन गर्न कम्तिमा ३ वर्ष सञ्चालन गर्ने गरी गरिएको प्रतिवद्धता पत्रसंलग्न राखीयस नगरपालिकामा अनुसूची २ बमोजिमको ढाँचामा आवेदन फाराम पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**शर्तहरु**

१. प्रस्ताव पेश गर्ने संस्थाले रु। १००० को राजश्व (पछि फिर्ता नहुने गरी) यस कार्यालयको राजश्व शाखामा दाखिला गरेको रसिद वा कृषि विकास बैंक परीहा शाखामा यस कार्यालयको नाममा रहेको खाता नं ०४१४२०१६५९९१५०११ मा जम्मा गरेको बैंक भौचर साथ निवेदन पेश गरी मिति २०८२/११/२९ गतेकार्यालय समय भित्र नगरपालिकाबाट अनुसूचि २ बमोजिमको आवेदन फाराम खरिद गरी गर्नुपर्नेछ।
२. आवेदन फाराम पेश गर्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा सोको लगत्तै पछिको कार्यालय खुल्ने दिन उल्लेखित कार्य हुनेछ।
३. आवेदन फाराम भर्दा कबोल रकम अक्षर र अंकमा स्पष्ट उल्लेख गर्नुपर्ने छ। अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइने छ।
४. कबोल गरेको अंकको ५ प्रतिशतको दरले हुन आउने धरौटी रकम यस कार्यालयको कृषि विकास बैंक परीहा शाखामा रहेको धरौटी खाता नं ०४१४२०११४९२४४०१५ मा जम्मा गरी सोको सक्कल बैंक भौचर वा नेपाल राष्ट्रबैंकबाट इजाजत प्राप्त बैंकबाट यस कार्यालयको नाममा आवेदन फारामको नाम उल्लेख गरी ९० दिनको म्याद सहित जारी गरिएको बैक ग्यारेण्टी संलग्न गरी पेश गर्नुपर्ने छ।
५. खरिद गरेको आवेदन फाराममा उल्लेख भएका सबै विवरणहरु भरी आवेदकले प्रत्येक पानामा सहीछाप, सिलबन्दी गरी खाम बाहिर फर्मको नाम, ठेगाना, कामको विवरण, सम्पर्क नं समेत स्पष्ट खुलाई फर्मको छाप लगाई मिति २०८२/१२/०१ गते दिनको १२ बजे भित्र यस कार्यालयमा पेश गर्नु पर्नेछ। एक फर्म वा संस्थाको नाममा खरिद गरिएको आवेदन फाराम अकी फर्म वा संस्थाका नामबाट दाखिला गर्न पाईने छैन। रितपूर्वक पर्न आएका प्रस्तावहरु मिति २०८२/१२/०१ गते दिनको १ बजे आवेदक तथा प्रतिनिधीहरुको रोहवरमा खोलिनेछ। साथै आवेदक वा निजको प्रतिनिधी प्रस्ताव खोल्ने समयमा उपस्थित नभएमा पनि प्रस्तावपत्र खोल्न कुनै बाधा पर्ने छैन।
६. प्रस्ताव सम्बन्धी विस्तृत जानकारी आवेदन फाराममा उल्लेख गरिएको हुँदा सोही पुस्तिकाबाट अवगत गर्न वा यस कार्यालयमा सम्पर्क राख्न सकिनेछ। म्याद नाघी रित नपुगी वा शर्त सहित पेश हुन आएमा प्रस्ताव स्वीकार गर्न यस कार्यालय बाध्य हुने छैन। प्रस्ताव स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ।
७. प्रस्ताव स्वीकृत भई सूचना पाएको मितिले ७ दिनभित्र कबोल अंकको ३० प्रतिशतले हुन आउने रकम प्रथम किस्ता बापत बुझाई सोको बैक भौचर र बाँकी ७० प्रतिशत बरावर रकमको सम्झौता अवधिसम्मको बैंक जमानत (कार्य सम्पादन जमानत) सहित पेश गरिसकेपछि मात्र सम्झौता गरिनेछ। दोस्रो किस्ता बापत सम्झौता रकमको ३५ प्रतिशत २०८३ चैत्र मसान्तसम्म र तेस्रो किस्ता वापत सम्झौताको ३५ प्रतिशत रकम २०८४ पौष मसान्तसम्म जम्मा गरी सक्नुपर्नेछ।
८. प्रस्ताव सम्बन्धमाकुनै विवाद आएमा नगरपालिकाको निर्णय अन्तिम हुनेछ।

**प्रमुख प्रशासकीय अधिकृत**

स्थानीय सरकार

## प्रतापपुर गाउँपालिका

**गाउँ कार्यपालिकाको कार्यालय**
बेलाटारी नवलपरासी (बर्दघाट-सुस्ता पश्चिम)
लुम्बिनी प्रदेश,नेपाल

## आशयको सूचना

**प्रकाशित मिति: २०८२/११/१५**

उपरोक्त सम्बन्धमा प्रतापपुर गाउँ कार्यपालिकाको कार्यालय, नवलपरासीको मिति २०८२/०९/२० गते 'राष्ट्रिय दैनिक बुटवल टुडे' पत्रिकामा प्रकाशित सूचना अनुसार तोकिएको मिति र समय भित्र e–GP system मार्फत् दर्ता हुन आएका बोलपत्रहरुको प्राविधिक प्रस्ताव रितपूर्वक दर्ता भई मिति २०८२/१०/२० गते खोलिएका बोलपत्रहरुको मूल्यांकन गर्दा तपसिल बमोजिमका बोलपत्रहरु न्यूनतम मूल्यांकित सारभूत रुपमा प्रभावग्राही भएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि ७(सात) दिने सूचना प्रकाशित गरिएको छ।

| सि.नं. | ठेक्का नं. | निर्माण कार्यको नाम | आसय दिइएको बोलपत्रदाताको नाम, | ठेगाना कबोल ठेक्का अंक (रू.,मु.अ.कर र एक बाहेक) | कैफियत |
|---|---|---|---|---|---|
| १ | PRM/ROAD/NCB/W/04-082-83 | Nawalparasi (paschim) Jilla Pratappur Ga.Pa. Ward no. 1 Semari Chowk dekhi Adarsha School Pachadi Samma Sadak ishtarunnati Karya. | श्री निकोल कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि.,कीर्तिपुर-६ | १६,२५,९५७।०१ | |
| २ | PRM/BLDG/NCB/W/05-082-83 | Nawalparasi(pachim) jilla pratappur ga.pa. ward no. 1 semari coveredhall maa purwadhar ishtarunnati karya. | श्री सुमी दुर्गा कन्स्ट्रक्सन प्रा.लि.,पर्सा-५ | १५,७४,७९८।७६ | |
| ३ | PRM/BLDG/NCB/W/06-082-83 | Ganesh madhyamik bidhalaye bashaiya bhawan nirman | श्री सुमी दुर्गा कन्स्ट्रक्सन प्रा.लि.,पर्सा-५ | १२,०५,३८७।४९ | |
| ४ | PRM/ROAD/NCB/W/07-082-83 | Ghuthiprasuni ma rakheko Sawastechowki bhawan Nirman | श्री सुमी दुर्गा कन्स्ट्रक्सन प्रा.लि.,पर्सा-५ | २४,७३,७४६।४६ | |

**प्रमुख प्रशासकीय अधिकृत**

## ट्वाइलेट सफा गराउनुहोस्

के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फूल रोटर भ्याकुम पम्प, बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस् । लोडसेडिङ्गको बेला पनि सेवा दिइने छ ।

सम्पर्कः
**तिनाउ सेनेटरी**
बुटवल-१०, सुख्खानगर, रूपन्देही,
फोनः ९८५७०५८८१३,९८०७१८०८१३

## ट्वाइलेट सफा गराउनुहोस्

सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर समस्या परेको छ ?
हामी तपाईंको समस्या तुरून्त ५ मिनेटमै हल गरी दिनेछौं ।
क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार



प्रो. रामशाह शाहानी
**विशाल सेनेटरी**
बर्मेलीटोल, भैरहवा
मो.9847324755,9804406297

## ट्वाइलेट सफा गराउनुहोस्

तपाईको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ ।

- ट्वाइलेट, वाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस् ।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ ।

सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस

सम्पर्कः
**सीताराम सफा सेनेटरी**
भैरहवा
९८६९७८९२७५,९८००७६०६२२

# विश्वदीपको घरदैलो निरन्तर



बुटवल । रूपन्देही क्षेत्र नं. २ का नेकपाका उम्मेदवार विश्वदीप पाण्डे 'सुवास'ले बिहीबार बुटवल उप-महानगरपालिकाका विभिन्न बस्तीमा घरदैलो जारी राखेका छन् ।

नेता कार्यकर्ताको बाक्लो उपस्थितिबिच बुटवल बजार क्षेत्रमा मोटरसाइकल ऱ्यालीसहित विभिन्न चोकमा पुगेर मतदातासँग भोट माग्दै आफ्ना चुनावी ऐजेण्डा बताएका छन् ।

उनीहरूले बुटवल क्षेत्रका टोल-टोल र वस्तीमा विभिन्न सवारी साधन र पैदल पुग्दै भोट मागेका छन् । बिहीबार बुटवलको सबैभन्दा धेरै मतदाता रहेको वडा नं. ११ मा घरदैलो गरिएको नेकपाले जनाएको छ ।

घरदैलोका क्रममा विभिन्न ठाउँमा मतदातालाई सम्बोधन गर्दै नेपाली कम्युनिष्ट पार्टीका उम्मेदवार पाण्डेले जनताको हौसला र साथले आफूहरू जितको नजिक पुगेको बताए । उनले मतदाताको उत्साह र आफूहरूको मेहेनत र ऐजेण्डाले यस क्षेत्रमा विजयी भएरै छाडिने जिकिर गरे ।

उम्मेदवारसहित मतदाता भेटघाट गर्दै नेकपाका कार्यकर्ताले झण्डा, माइक, व्यानर र प्रतिबद्धतापत्रसहित घर-घर र टोल-टोलमा पुगेर आफ्ना चुनावी ऐजेण्डा प्रस्तुत गरेका थिए ।

मतदातासँगको भेटघाटमा उम्मेदवार पाण्डेले जनपक्षीय काम गर्न आफूले उम्मेदवारी दिएकाले मतदान गरेर सहयोग गर्न मतदाता समक्ष अनुरोध गरेका थिए ।

निर्वाचन परिचालन समितिका संयोजक नारायण जीसी 'निर्मल'का अनुसार बुटवलमा उम्मेदवारसहित घरदैलो जारी रहने छ । संयोजक जीसीले प्रत्येक दिन हरेक वडा र टोलमा उम्मेदवार नपुगे पनि घरदैलो अभियान जारी रहेको बताए । सन्निकटको निर्वाचनले गतिहीन र अस्थिर समाजलाई गतिवान र स्थिर बनाउने आशा लिएका छन् । आशावादले नै व्यक्ति, समाज र देशमा सुखद र सुन्दर भविश्यको खाका कोर्न सक्ने उनी बताउँछन् ।

'यतिबेला नेताहरूले केही गर्न सकेनन्, केही गर्न पनि सकिदैन जस्तो एउटा डरलाग्दो भाष्य बनाईएको छ,' उम्मेदवार विश्वदीपले भने- ' यहाँ केही हुँदैन, केही गर्न सकिदैन भन्ने भाष्य चिर्नै पर्दछ, यसमा मेरो भूमिका रहनेछ ।'

विश्वदीपले आफ्नो निर्वाचन क्षेत्रको विकासका लागि प्रतिबद्धता पत्र सार्वजनिक गरेका छन् । नागरिकको जीवनसँग प्रत्यक्ष सरोकार राख्ने ती बूँदा कायान्वयन गर्न सक्ने हो भने समाजमा विद्यमान धेरै निराशा चिरिन्छ । चुनावी प्रतिबद्धतापत्रमार्फत् उम्मेदवार विश्वदीपले शिक्षा, स्वास्थ्य, भौतिक पूर्वाधार, कलकारखाना र कृषि आदिमा जनताका सपना उमार्न, हुर्काउन र जीवन बदल्न खोजेका छन् । र, त्यस्तो अनुभूति जनतालाई तब हुन्छ, जब नागरिकमा सरकार र जनप्रतिनिधिप्रति आशा र भरोशा जाग्छ ।

उनी भन्छन्- 'पुरानै सोंच, पुरानै परम्परा, पुरानै नियम र पुरानै व्यवहारबाट जनताको आशा बढाउन सकिंदैन । देशलाई एकताबद्ध बनाउँदै टुक्रिएका मनहरूलाई जोड्न मेरो अधिकतम पहल रहनेछ ।'

राज्यका सामु थपिएका अनेकौं चुनौतीको कानूनी प्रबन्ध र दबाब सिर्जना गर्न आफ्नो उम्मेदवारी रहेको उनले बताए ।

नागरिकले अहिले आर्थिक, राजनीतिक र सामाजिक जीवनको कष्टपूर्ण अवस्थाबाट बदलाव चाहेका छन् । उम्मेदवारका रूपमा जनतासँगको अन्तर्क्रिया, प्रतिक्रिया, आक्रोश, सुझाव, सल्लाह र मायाबाट आफूले मनोभावना थप बुझ्न पाएको अनुभूति उनले सुनाए । तर चुनावी तयारीका कारण धेरै कुरा जनतालाई बताउन नपाएकाले मिडियाको सहारा लिनुपरेको उनको गुनासो छ ।

अबका दिनमा निजी क्षेत्रलाई पनि विश्वासमा लिनुपर्ने अनिवार्य आवश्यकतामा उनले जोड दिए । 'निजी क्षेत्रलाई विश्वासमा लिएर मात्रै मुलुकमा विकास संभव छ । जनतामा अझै पनि परिवर्तनको तृष्णा छ । मर्न दिनु हुँदैन ।'-उनले भने । जनतामा आशा जगाउने दायित्व निर्वाचन पछिको नेतृत्वमा आउने पाण्डेको भनाइ थियो ।

एक हप्तापछिको मतदान र त्यसको केही दिनमा देशले नयाँ नेतृत्व पाउने छ । नागरिकले आ-आफ्नो निर्वाचन क्षेत्रमा नयाँ जनप्रतिनिधि पाउने छन् ।

# ऐतिहासिक बुटवलको व्यवस्थित विकासमा चुन्नको जोड



बुटवल । नेपाली कांग्रेस रूपन्देही-२ को घरदैलो कार्यक्रम अन्तिम चरणमा पुग्दा उम्मेदवार चुन्नप्रसाद शर्मा पौडेलले चुनाव जित्नेमा विश्वस्त भएको बताएका छन् । घरदैलो कार्यक्रमको ९औं दिन बिहीबार बुटवल उप-महानगरपालिका वडा नं. १२ र वडा नं. २ को घरदैलोका क्रममा प्रतिक्रिया दिँदै कांग्रेस उम्मेदवार पौडेलले घरदैलोका क्रममा पार्टीका नेता कार्यकर्ताहरूको सक्रिय सहभागीता र मतदाताहरूले देखाएको सद्भावले चुनाव जितिनेमा आफू विश्वस्त भएको बताएका हुन् ।

पौडेलले बिहीबार बिहान बुटवल उपमहानगरपालिका-१२ मा सघन घरदैलो अभियान सञ्चालन गरेका छन् । बिहान ७ बजेदेखि १२ बजेसम्म नयाँगाउँ, तामनगर, ढवाहलगायतका क्षेत्रमा घरदैलो गर्दै उनले स्थानीयसँग प्रत्यक्ष संवाद गरेका हुन् । घरदैलोका क्रममा स्थानीय बासिन्दाले आफ्ना टोलका दीर्घकालीन समस्या खुलेर राखेका थिए । विशेषगरी ढल निकासको अव्यवस्था, टोल सुधार कार्यक्रम प्रभावकारी नहुनु, सडक स्तरोन्नति ढिलो हुनु, सरसफाइ व्यवस्थापन कमजोर हुनुजस्ता विषयमा गुनासा आएका थिए ।

यसैबिच, भूमिहीन र सुकुम्बासीले जग्गा व्यवस्थापन र स्थायी समाधानको विषयलाई प्राथमिकतामा राख्न आग्रह गरेका थिए । उम्मेदवार पौडेलले भूमिहीन समस्यालाई कानुनी र व्यवहारिक ढंगले कसरी सम्बोधन गर्न सकिन्छ भन्ने विषयमा गम्भीर चासो देखाउँदै यसलाई नीति तथा कार्यक्रममै समेट्ने प्रतिबद्धता गरे । उनले स्थानीयका गुनासा टिपोट गर्दै विकास निर्माणका अधुरा कामलाई सम्पन्न गर्ने, टोलस्तरमै योजना छनोट गर्ने र व्यवस्थित शहरी विकासको स्पष्ट खाका अघि सार्ने बताए । त्यसैगरी, दिउँसो १ बजेदेखि बुटवल-२ मा घरदैलो अभियान सञ्चालन गरिएको थियो । पारी बुटवल, फूलबारी, मैनाबगर, पाखापानीलगायतका क्षेत्रमा मतदातासँग भेटघाट गर्दै उनले ऐतिहासिक बुटवलको पहिचान जोगाउँदै योजनाबद्ध विकास गर्ने प्रतिबद्धता दोहोऱ्याए । पुरानो बटौली क्षेत्रको ऐतिहासिक महत्वलाई संरक्षण गर्दै पुरानो बजारलाई थप व्यवस्थित, सुरक्षित र पर्यटकीय दृष्टिले आकर्षक बनाउने योजना अघि सारिएको छ ।

अव्यवस्थित संरचना व्यवस्थापन, पार्किङ् समस्या समाधान, ढल तथा फोहोर व्यवस्थापन सुधार र साना व्यवसायीलाई प्रोत्साहन गर्ने कार्यक्रमलाई विशेष प्राथमिकतामा राखिने बताइएको छ । घरदैलो अभियानका क्रममा स्थानीयले रोजगारी सिर्जना, बजार व्यवस्थापन र आधारभूत पूर्वाधार सुधारमा ठोस कामको अपेक्षा राखेका थिए । उम्मेदवार पौडेलले "विकास कागजमा होइन, व्यवहारमा देखिनुपर्छ" भन्दै परिणाममुखी कार्यशैली अपनाउने प्रतिबद्धता व्यक्त गरे ।

बुटवल उपमहानगरपालिका वडा नं. १२ मा विभिन्न पार्टी परित्याग गरि तीन दर्जन बढी युवाहरू नेपाली काँग्रेसमा प्रवेश गरेका छन् । यहि फागुन २१ गते हुने प्रतिनिधिसभा निर्वाचनको चुनावी प्रचारप्रसारका क्रममा बिहीबार उम्मेदवारसहितको घरदैलोका क्रममा उनीहरू नेपाली काँग्रेसमा प्रवेश गरेका हुन् । बुटवलको वडा नं. १२ रूपन्देही क्षेत्र नं. २ मा पर्छ । यो निर्वाचन क्षेत्रमा नेपाली काँग्रेसको तर्फबाट पार्टीका महासमिति सदस्यसमेत रहेका उद्योगपति चुन्नप्रसाद पौडेल उम्मेदवार छन् । त्यसैगरी यसै क्षेत्रकी समानुपातिक उम्मेदवार रीता सेन ओलीलाई पार्टीले समानुपातिक उम्मेदवार बनाएको छ । उनीहरूलाई नेपाली काँग्रेसका उम्मेदवारसहितका नेताहरूले पार्टी प्रवेश गराएका हुन् । आसन्न प्रतिनिधिसभा निर्वाचनमा काँग्रेस उम्मेदवारलाई समर्थन गर्दै काँग्रेसमा प्रवेश गरेको उनीहरूले बताएका छन् । युवाहरूको प्रवेशले नेपाली काँग्रेसको पक्षमा बनेको माहौल थप उचाईमा पुगेको नेपाली काँग्रेस बुटवल उपमहानगरपालिका वडा नं. १२ का सभापति धर्मराज आचार्यले बताए ।

उक्त कार्यक्रममा नेपाली काँग्रेसको तर्फबाट समानुपातिक उम्मेदवार रीता सेन, वडा सभापति धर्मराज आचार्य, महासमिति सदस्य दीर्घबहादुर केसी नेपाल तरूण दल रूपन्देहीका सचिव रमेश शाही, क्षेत्रीय सभापति हसन्त लामा, नगर सभापति सुजन पुन, टिकाराम भट्टराईलगायतका नेता कार्यकर्ता सहभागी थिए । नेपाली काँग्रेसमा नेतृत्व परिवर्तनसँग युवाहरूको आकर्षण बढेको छ । पार्टीमा नवप्रवेशीहरूले पनि देशमा स्थायित्व, विकास र अवसर सिर्जनाका लागि काँग्रेस उपयुक्त शक्ति रहेको भन्दै संगठित रूपमा अघि बढ्ने प्रतिबद्धता व्यक्त गरेका थिए ।

# युवा र विपन्न परिवार प्राथमिकतामा : गौरव बोहरा



भैरहवा । आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि रूपन्देहीको निर्वाचन क्षेत्र नम्बर ३ बाट राष्ट्रिय प्रजातन्त्र पार्टी राप्रपाका उम्मेदवार गौरव बोहराले युवा तथा उद्यमशीलतामुखी र विपन्न परिवारलाई सुरक्षित आवास उपलब्ध गराउने कार्यक्रम अघि सार्ने बताएका छन् । युवालाई स्वरोजगार बनाउने वातावरण सिर्जना गर्ने प्रतिबद्धतासहित उनले क्षेत्रका युवाहरूको वैदेशिक रोजगारीमा बढ्दो निर्भरता र स्थानीय स्तरमै अवसर प्रदान गर्ने र विपन्न परिवारको अवस्था नाजुक रहेको पाएकोले आधारभूत आवश्यकता बासको व्यवस्थापन घामपानीबाट जोगिन सुरक्षित घर बनाउने सपना रहेको बताए ।

आर्थिक अभावका कारण उचित बसोबासको व्यवस्था गर्न नसकेका विपन्न समुदायका लागि सुरक्षित आवास निर्माण गर्ने प्रतिबद्धता छ । यस्तै यस क्षेत्रका धेरै युवा सीप र क्षमता हुँदाहुँदै पनि आवश्यक पुँजी, तालिम र बजार पहुँच नपाउँदा विदेशिन बाध्य भएकोले त्यसको अन्त्यको लागि आफुले कार्य गर्ने उनको भनाइ छ । यही अवस्थालाई परिवर्तन गर्न स्वरोजगार र साना उद्यम प्रवर्द्धनमा जोड दिने बोहराले बताए ।

'रोजगारी खोज्दै विदेश जानु युवाको बाध्यता बन्नु हुँदैन,' बोहराले भने-'स्थानीयस्तरमै उद्यम सुरु गर्न सक्ने वातावरण, सहुलियत ऋण र सीपमूलक तालिमको व्यवस्था गर्नु आवश्यक छ ।'

उनले कृषि, पशुपालन, साना उद्योग, प्रविधिमैत्री व्यवसाय र स्टार्टअप प्रवर्द्धनलाई प्राथमिकतामा राख्ने बताए । स्थानीय उत्पादनको बजारीकरण, सहकारी तथा बैंकमार्फत् सहुलियत वित्तीय पहुँच र तालिम केन्द्रसँग समन्वय गरेर युवालाई आत्मनिर्भर बनाउने योजना रहेको उनको दाबी छ ।

'सरकारको भूमिका युवालाई जागिर दिने मात्र होइन, व्यवसाय गर्ने आधार तयार गरिदिने हो,' उम्मेदवार बोहराले भने-'नीति र कार्यक्रममार्फत् स्वरोजगारलाई व्यवहारमै उतार्ने प्रयास गर्छु ।'

उनले युवाको ऊर्जा र सीपलाई सही दिशामा उपयोग गर्न सके क्षेत्रको आर्थिक गतिविधि स्वतः चलायमान हुने भन्दै स्वरोजगारमैत्री वातावरण निर्माणलाई आफ्नो एजेन्डा बनाएको बताए ।

उनले लालपुर्जाविहीन नागरिकलाई कानुनी प्रक्रिया पूरा गरी लालपुर्जा वितरण गर्न पहल गर्ने, सुलभ र गुणस्तरीय स्वास्थ्य सेवा सुनिश्चित गर्ने, स्वास्थ्य बिमाको प्रभावकारी कार्यान्वयन गर्ने, यौनिक अल्पसंख्यक तथा फरक क्षमता भएका नागरिकको सम्मानजनक जीवन सुनिश्चित गर्ने र नगर क्षेत्रमा फोहोरमैला प्रशोधन केन्द्र स्थापना गर्ने योजना पनि अघि सारेका छन् ।

# सबै दल तथा उम्मेदवारका प्रतिबद्धतापत्रलाई कार्यान्वयन गर्नेछु : आचार्य



**कृष्ण पोखरेल**
*पाल्पा*

नेकपा एमाले पाल्पा निर्वाचन क्षेत्र नं. १ का उम्मेदवार नारायणप्रसाद आचार्यले अन्य राजनीतिक दलका उम्मेदवारहरुले जनता सामु गरेको प्रतिबद्धतालाई स्वीकार गरी कार्यान्वन गर्ने प्रतिबद्धता व्यक्त गरेका छन् । माथागढीको सराईमा स्थानीय जनताको सहभागितामा प्रतिबद्धतापत्र सार्वजनिक गर्दै एमाले उम्मेदवार आचार्यले अन्य राजनीतिक दलले जनतासामु गरेको प्रतिबद्धता पनि जनताको माग र विकास कुराहरु भएकोले एमालेले ग्रहण गरेर कार्यान्वयन गर्ने प्रतिबद्धता जनाए । आचार्यले अन्य दलका प्रतिबद्धता पत्र पनि एमालेकै प्रतिबद्धतापत्र सरह मान्यता दिएको आचार्यले बताए ।

उम्मेदवार आचार्यले फागुन २१ गते हुने प्रतिनिधिसभा निर्वाचनका लागि आफ्नो विस्तृत प्रतिबद्धता पत्र स्थानीय जनताको सहभागितामा माथागढीको सराईमा सार्वजनिक गरे । प्रभावित क्षेत्रका जनताको सहमती र स्वीकृती बेगेर कालीगण्डकी डाइभर्सनको काम हुन नसक्ने एमाले उम्मेदवार आचार्यले बताए उम्मेदवार नारायणप्रसाद आचार्यले 'समृद्ध नेपाल, सुखी नेपाली' को राष्ट्रिय लक्ष्यलाई मूर्त रूप दिन पाल्पा क्षेत्र नं. १ को भौतिक र मानवीय विकासका योजनाहरू सार्वजनिक गरेका छन् ।

कालीगण्डकी करिडोरको बाँकी रहेको निर्माणलाई द्रुत गतिमा सम्पन्न गर्ने, आर्यभन्ज्याङ-रामपुर सडकको स्तरोन्नति गर्ने र बाँसटारी-झडेवा- दुम्कीवास वैकल्पिक सडक निर्माण गर्ने लक्ष्य राखेको छ । साथै, रामपुर निस्दी, पूर्वखोला, रम्भा र माथागढीका वडा केन्द्र जोड्ने सडकहरूको स्तरोन्नतिलाई प्रतिबद्धतापत्रमा प्राथमिकता दिइएको छ ।

पालिकास्तरमा 'नमूना विद्यालय' स्थापना गर्ने, सहिद बहुमुखी क्याम्पस रामपुरलाई नेतृत्वदायी शैक्षिक संस्थाको रूपमा विकास गर्ने र प्राविधिक शिक्षामा जोड दिने प्रतिबद्धता पत्रमा उल्लेख छ । साथै, मगर मातृभाषामा पठनपाठन सुरु गर्ने र विद्यालय बाहिर रहेका बालबालिकालाई शिक्षाको पहुँचमा ल्याउने, पालिकास्तरमा कम्तिमा एक एक वटा नमूना विद्यालय बनाउने योजना प्रतिबद्धतापत्रमा रहेको छ ।

रामपुर अस्पताललाई 'ट्रमा सेन्टर' सहित विशेषज्ञ सेवामा स्तरोन्नति गर्ने, निस्दी, पूर्वखोला, रम्भा र माथागढीमा १५ शय्याका आधारभूत अस्पतालहरूको निर्माण सम्पन्न गरी छिटो सेवा सञ्चालनमा ल्याउने र स्वास्थ्य बिमालाई थप प्रभावकारी बनाउने एमाले उम्मेदवार आचार्यले प्रतिबद्धतापत्रमा जनाएका छन।

'व्यवसायमुखी कृषि' मा जोड दिँदै कालीगण्डकी लिफ्ट सिँचाइ र विभिन्न स्थानमा ड्याम निर्माण गरी सिँचाइ सुविधा पुऱ्याउने लक्ष्य लिइएको छ । अदुवा, सुन्तला, अम्रिसो र बेमौसमी तरकारीको बजार व्यवस्थापनका लागि 'हाटबजार र थोक बजार केन्द्र' निर्माण गरिने उम्मेदवार आचार्यले प्रतिबद्धता पत्रमा जोड दिएका छन् । युवाहरूका लागि 'बिउ पुँजी' र सहुलियत ऋण उपलब्ध गराई स्वरोजगारी सिर्जना गर्ने र वैदेशिक रोजगारीबाट फर्केकाहरूको सीप उपयोग गर्ने नीति लिइएको छ ।

काउलेडाँडा, जल्पा चुलीडाँडा र मदनपोखरा जस्ता क्षेत्रलाई 'हिल स्टेशन' का रूपमा विकास गर्ने, होमस्टे प्रवर्द्धन गर्ने र आदिवासी जनजातिको पहिचान झल्किने संग्रहालय निर्माण गर्ने योजना छ । वातावरण संरक्षणका लागि डढेलो नियन्त्रण र अम्रिसो, दालचिनी जस्ता आयमुलक वृक्षारोपणलाई प्रतिबद्धतापत्रमा आचार्यले जोड दिइएका छन् ।

सार्वजनिक सेवालाई डिजिटल, पारदर्शी र जवाफदेही बनाउने, निर्वाचन क्षेत्रका नागरिकसँग 'प्रत्यक्ष संवाद' र 'जनतासँग जनप्रतिनिधि' कार्यक्रममार्फत् जनगुनासो सम्बोधन गर्ने प्रतिबद्धता उम्मेदवार आचार्यले व्यक्त गरेका छन् ।

पाल्पा क्षेत्र नं. १ मा एमालेले राम्रो काम गरेकोले २०५१ सालदेखि निरन्तर विजय हासिल गर्दै आएकोले निर्वाचनको समयमा सबै उम्मेदवारले जनता सामु गरेको प्रतिबद्धतालाई एमालेले अपनत्व लिई आफूले साझा उम्मेदवारको रुपमा काम गर्ने एमाले उम्मेदवार आचार्यले पत्रकार सम्मेलनमा बताए ।

पाल्पा क्षेत्र नं. १ भुगोल, जनताका समस्या बुझेको, जनताको हरेक दुःखमा सहभागी भएकोले जनताले माया गर्दै आएकोले, यस पटक पनि सूर्यमा मतदान गरी एमालेलाई विजयी बनाउन उम्मेदवार आचार्यले मतदातासँग अनुरोध गरे । अघिल्लो निर्वाचनमा नेपाली काँग्रेससहितको गठबन्धन हुँदा समेत ११ हजार मतले निर्वाचन जितेको र यस पटक एकल प्रतिष्पर्धा भएकोले अघिल्लो पटकभन्दा धेरै मतले निर्वाचनमा विजय हासिल गर्ने आचार्यले दाबी गरे । माथाँगढी एमाले गाउँकमिटीका अध्यक्ष मानबहादुर रानाको अध्यक्षतामा भएको प्रतिबद्धतापत्र सार्वजनिक तथा पत्रकार भेटघाट कार्यक्रम सञ्चालन भएको थियो ।

# मर्चवारले ठूलो कुरा खोजेको छैनः मिश्रा



भैरहवा । रुपन्देही निर्वाचन क्षेत्र नं. ४ बाट प्रतिनिधिसभा सदस्य पदका उम्मेदवार आशुतोष मिश्रले मर्चवारले ठूलो कुरा होइन आधारभूत आवश्यकताको कुरा मात्रै खोजेको बताएका छन् । केही विकास र कृषि, शिक्षा, स्वास्थ्य नै यहाँको आवश्यकता हो, जसलाई वर्षौंदेखि नेताहरुले पूर्णता दिन सकेका छैनन्, त्यसलाई पहिलो प्राथमिकतामा राख्दै अगाडि बढ्ने उनले बताए ।

निर्वाचन प्रचारप्रसारमा रहेका मिश्राले देशप्रतिको स्पष्ट योजना र आफूले प्रस्तुत गरेको क्षेत्रगत भिजनका कारण जनविश्वास दिनप्रतिदिन बढ्दै गएको बताउँदै यहाँको विकासका आधारभूत आवश्यकतालाई प्राथमिकतामा राखी सडक, शिक्षा, स्वास्थ्य, रोजगार र कृषिको विकासका लागि केन्द्रीय रुपमा नयाँ कांग्रेसले आफ्नो भावी कार्ययोजना प्रस्तुत गरेको छ, त्यसलाई यहाँ पनि उतारिने जनाए ।

उनले नेपालको मुख्य उद्योग नै कृषि भएको ठहर गर्दै 'एग्री-भ्यालु चेन' मा जोड दिने बताएका छन् । मलखादको नियमित आपूर्ति, उत्पादन वृद्धि र व्यवसायिक खेती जस्ता क्षेत्रलाई प्रवर्द्धन गरिने योजना प्राथमिकतामा रहने मिश्रको भनाइ छ ।

"मतदाताहरू अब खोक्रा आश्वासन होइन, काम गरेर देखाउने नेतृत्व खोजिरहेका छन् ।"- उनले भने ।

मर्चवार क्षेत्रमा अहिलेसम्म दीर्घकालीन सोंच र स्पष्ट भिजन भएको नेतृत्व निर्वाचित हुन नसकेको उल्लेख गर्दै मिश्रले आफू निर्वाचित भए मर्चवारको मुहार फेर्ने ठोस योजना रहेको दाबी गरे । "म धेरै लालच दिने आश्वासन बाँड्दिनँ, काम गरेर देखाउँछु," उनले भने-"मर्चवारवासीलाई भाषण होइन, परिणाम चाहिएको छ, जुन नेपाली कांग्रेसले मात्र दिन सक्छ ।"

विशेषगरी, आगामी वर्षदेखि कुनै पनि किसानले मलको अभाव झेल्नु नपर्ने गरी केन्द्रीय तहबाटै ठोस व्यवस्था मिलाइने प्रतिबद्धता उनले व्यक्त गरे । यसका साथै मायादेवी क्षेत्र तथा स्थानीय पालिकाहरूमा पर्यटन विकासका लागि पोखरी व्यवस्थापन र सिँचाइ पूर्वाधार सुधारलाई उच्च महत्व दिइने उनले जनाए । अलपत्र परेका पुराना सडक र सिँचाइ आयोजनाहरूलाई पूर्णता दिँदै दिगो पूर्वाधार निर्माणमा जोड दिने नीति रहेको उनले उल्लेख गरे ।

शिक्षा र स्वास्थ्य क्षेत्रको दुरावस्थाप्रति चिन्ता व्यक्त गर्दै उनले भने-'विद्यालयमा शिक्षकको अभाव र स्वास्थ्य केन्द्रहरूको जीर्ण अवस्थालाई शीघ्र सुधार गरिने, लोकप्रियताका लागि वितरणमुखी कार्यक्रमभन्दा पनि ठोस नतिजामुखी योजनालाई प्राथमिकता दिनेछौं ।'

साथै, कानुन र ऐनमा परिमार्जन गरी समाजमा व्याप्त शोषण नियन्त्रण गर्ने र आम नागरिकको न्यायिक पहुँचलाई मजबुत बनाउने बहुचरणीय कार्ययोजना छ । युवा बेरोजगारी अन्त्यका लागि निजी क्षेत्रसँगको साझेदारीमा औद्योगिकीकरण र स्वरोजगारका कार्यक्रमहरू सञ्चालन गरिने, कांग्रेसले आफ्नो नेतृत्वको सरकार बनेपछि पहिलो मन्त्रिपरिषद् बैठकबाटै यी जनमुखी निर्णयहरू कार्यान्वयन गर्ने दाबी गरेको छ ।

उनले नेपाली कांग्रेस वर्तमान राजनीतिक अवस्थामा केवल एउटा विकल्प मात्र नभई सबैभन्दा 'प्रभावकारी विकल्प' भएको दाबी गर्दै मतदाताहरूलाई मतदान गर्न अपिल गरे ।


आकर्षक डिजाइन तथा छपाई

सबै किसिमका रंगिन तथा सादा डिजाइनका साथै सम्पूर्ण छपाईको लागि सधै हामीलाई सम्झनुहोस् !

आइडिया
डिजाइनर्स/अफसेट प्रेस

सम्पर्क:
बुटवल–७, पुरानो बसपार्क (सब्जीमण्डी पछाडि)
यातायात मजदूर संघको भवनमा
फोनः–०७१–५५०२९३ मो.
९८५७०३५३८०,९८४७१२३९५७
E-mail:ideapressbtl@gmail.com


सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः dailylumbini@gmail.com(Advt), lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ अनलाइन संस्करण lumbinipatrika.com